# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

Google Plus Code: JJ8H+R22, Rukumkot
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
सू.नं.: 36

विक्रम संवत् : २०८२/१२/२०

नेपाल संवत् : ११४६ चौलागा घारु

**सरकारी/सार्वजनिक जग्गामा वहाल विटौरी कर संकलन सम्बन्धी अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति: २०८२/१२/२० गते)

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यस सिस्ने गाउँपालिकाले **"बहाल विटौरी कर व्यवस्थापन कार्यविधि, २०८२"** राजपत्रमा प्रकाशन भई लागु भइ सकेको छ । कार्यविधि बमोजिम सिस्ने गाउँपालिकाको क्षेत्राधिकार भित्र सरकारी, सार्वजनिक एवं प्रति ऐलानी जग्गामा निर्माण भएका घर, टहरा, हाटवजार, पसल जस्ता संरचनाको उपयोग वापत वहाल विटौली शुल्क निर्धारण गरी आन्तरिक कर प्रणालीलाई व्यवस्थित गर्ने कार्य अगाडी वढेको छ । सरकारी, सार्वजनिक तथा प्रति ऐलानी जग्गाको संरक्षण सम्वर्द्धन गर्न गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न सरकारी तथा सार्वजनिक प्रकृतिका जग्गा कसैले सिस्ने गाउँपालिकाको बहाल **विटौरी कर व्यवस्थापन कार्यविधि,** २०८२ अनुसार प्रयोग गर्न चाहेमा कार्यविधिको अनुसुची-२ अनुसारको निवेदन गाउँपालिकामा पेश गर्नुहुन अनुरोध छ। नियम विपरित अनाधिकृत रुपमा कुनै पनि किसिमका संरचनाहरु निर्माण भई संचालनमा रहेका संरचनाहरु नियमानुसार हटाईने छ । साथै हाल विभिन्न ठाउका त्यस्ता जग्गामा उपयोगकर्ताले आफूले उपयोग गर्दै आएका जग्गाको विवरण तथा क्षेत्रफल कार्यविधिको अनुसुची २ बमोजिम स्वघोपणा गरी नियमानुसारको वहाल विटौली कर सम्झौता गर्न आजको मिति देखि १५ दिन (अर्थात मिति २०८२ वैशाख ५ गते सम्म) को समयावधि तोकि यो सुचना प्रकाशन गरिएको व्यहोरा जानकारीका लागी अनुरोध छ ।

आफूले उपयोग गरेको जग्गाको क्षेत्रफल भन्दा कम घोषणा गरी नियतवस झुट्टा विवरण पेश गरेको शंका लागेमा कार्यालयवाट प्राविधिक कर्मचारी खटिइ पुन नापजाँच गर्न सकिनेछ ।

..................
२०८२/१२/२०
(डिल्ली खड्का)
प्रमुख प्रशासकीय अधिकृत

डिल्ली खड्का
प्रमुख प्रशासकीय अधिकृत